रुपेन्देही जिल्लाको सितलनगरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक उन्नत गाईपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असोज १२ गतेदेखि १४ गतेसम्म रुपन्देही जिल्लाको सितलनगरमा “ब्यवसायिक उन्नत गाईपालन तालिम” सम्पन्न गरेको संस्थाका सितलनगर शाखा कार्यालयका शाखा प्रमुख श्री कृष्ण बहादुर दर्जिले जानकारी गराएका थिए । यस तालिममा ३ वाह्य विशेषज्ञ सहित शाखा प्रमुख श्री कृष्ण बहादुर दर्जि र कार्यक्रम अधिकृत श्री पुर्ण बहादुर खड्का प्रशिक्षक रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री पुर्ण बहादुर खड्काले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको सितलनगर शाखाका प्रमुख श्री कृष्ण बहादुर दर्जिले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

। संस्थाले ग्रामिण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता ब्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौंद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ संस्थाले २०७६ श्रावण मसान्तसम्ममा ३ लाख ५८ हजार ६०१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाको २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६१ करोड ४२ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १५ करोड ४१ लाख बचत परिचालन भएको छ ।



गाईपालनको परिचय, गाईपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाईको जातिय परिचय, कमी कमजोरी, संरक्षण तथा विकास, दुग्ध उत्पादनमा गाई/भैंसीको योगदान, दुधालु गाई छनौट गर्ने प्रक्रिया र यसको महत्व गाईको भाले खोज्ने उमेर, भाले खोजेको समय पत्ता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका । रोगी तथा निरोगी गाईको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका मुख्य मुख्य कारण, लक्षण, उपचार तथा रोकथामका उपायहरु, गाईपालन विधि, उमेर र अवस्था अनुसार गाई बाच्छा बाच्छी, पाडा पाडीलाई भुई (ठाउँको आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका बारे जानकारी ,ब्याउने गाई दुहुना गाई तथा बाच्छा र बाच्छी, पाडा/पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व बारे जानकारी, दुहुना गाईको लागि

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

हरियो घासँ तथा सन्तुलित दानाको महत्वको साथै स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलित दाना बनाउने प्रविधि बारे जानकारी, दुधालु गाईको लागि बर्षै भरि हरियो घाँस उत्पादन गर्ने तरिका बारे जानकारी, उन्नत गाईपालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका र यसको महत्व । गाईपालन ब्यवसायको बजार ब्यवस्थापन, बचत परिचालन र बचतका फाईदाहरु, कर्जा सदूपयोगिता र यसको फाईदा तथा बेफाईदाको र संस्थाको सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको सितलनगर शाखाका प्रमुख श्री कृष्ण बहादुर दर्जिले बताएका थिए । ब्यवसायिक रुपमा गाईपालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री पूर्ण बहादूर खड्काले जानकारी गराएका थिए ।



तालिमको अन्त्यमा सहभागीहरु श्री केशमाया थापाले मन्तब्य राखेका थिए। ब्यवसायिक गाईपालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 